निर्वाचन आयोग, नेपाल

# निर्वाचन आचारसंहिता अनुगमन अधिकृत

प्रतिनिधि सभा सदस्य निर्वाचन-२०८२

कपिलवस्तु ।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

पत्र संख्या :

च. नं.:-

मितिः-२०८२।१०।२३

**निर्वाचन आचारसंहिता-२०८२, पालना गर्ने गराउने सम्बन्धमा अनुगमन अधिकृतबाट जारी गरिएको सुचना।**

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई निष्पक्ष,स्वच्छ, मर्यादित एवं भयरहित वातावरणमा निर्वाचन कार्य सम्पन्न गर्न गराउनको लागि राजनीतिक दल, दलका भातृ संगठनहरु, नागरिक समाज,पत्रकार,सार्वजनिक पदाधिकारी एवं सम्पुर्ण सर्वसाधारण नेपाली नागरिकहरु सबैको कर्तव्य हो। तोकिएको मितिमा निर्वाचन सम्पन्न गर्नको लागि राजनीतिक दल उम्मेदवार तथा अन्य पदाधिकारी तथा सर्वसाधारण नागरिकको लागि निर्वाचन आयोगद्धारा निर्वाचन आचारसंहिता-२०८२ जारी गरी सर्वसाधारणको जानकारीको नेपाल राजपत्रमा समेत प्रकाशित समेत गरिसकेकको छ।

उक्त आचारसंहिता पालना गरे-नगरेको सम्बन्धमा अनुगमन गर्न यस कपिलवस्तु जिल्लामा निर्वाचन आचारसंहिता अनुगमन अधिकृतको रुपमा प्रमुख कोष नियन्त्रक र सहायक प्रमुख जिल्ला अधिकारीलाई जिम्मेवारी दिएको हुदाँ उक्त निर्वाचन आचारसंहिता-२०८२ को अक्षरांस पालना गर्न गराउन यस कपिलवस्तु जिल्लामा क्रियाशिल सम्पुर्ण सरोकारवालाहरुमा जानकारीको लागि संयुक्त रुपमा यो सुचना जारी गरिएको छ ।

## १. जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला वा निर्वाचन प्रचारप्रसार सम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने आचरण

- निर्वाचन आयोगले तोकेको मितिदेखि स्थानीय प्रशासनको अनुमति लिएर मात्र जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला वा निर्वाचन प्रचार-प्रसार सम्बन्धी कार्य गर्न पाईने ।
- प्रचार-प्रसार सभ्य र अनुशासित तरिकाले गर्नुपर्ने र कसैको घरको आसपासमा गई निज वा निजको परिवारको सदस्यको सम्बन्धमा विरोध वा प्रदर्शन गर्न नहुने,
- मिति, समय, मार्ग र स्थानको बारेमा कम्तीमा चौबिस घण्टा अगावै जानकारी गराउनु पर्ने,
- उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अङ्कित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टि-सर्ट, ज्याकेट, कमिज, गम्छा, व्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने,
- दुई वा दुईभन्दा बढी राजनीतिक दल वा उम्मेदवारहरुले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्न नहुने,
- निषेध गरेको सामग्री लिई जुलुस, आमसभा, कोणसभा, बैठक वा भेलामा प्रदर्शन वा प्रयोग गर्न नहुने,

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन-२०८२
कपिलवस्तु ।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

- कसैको निजी घरजग्गा वा सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको, फोटो राखी प्रचार प्रसार गर्न नपाईने ।
- नगद वा जिन्सी, अनुदान, आर्थिक सहायता, चन्दा, पुरस्कार वा निर्वाचन खर्च वा बुथ खर्च दिन वा दिने घोषणा गर्न नहुने,
- प्रचारप्रसारका कार्यक्रम गर्दा बिहान सात बजेदेखि साँझ सात बजेसम्म मात्र गर्नुपर्ने,
- बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने,
- पचहत्तर ग्रामसम्मको कागजमा तीन सय वर्ग इन्चसम्म क्षेत्रफल भएको आकारको एउटै रङ्ग र मुद्रकको नाम सहितको पर्चा मात्र प्रयोग गर्नुपर्ने,
- ३*४ फिटको दलको झण्डा र सोही नापको चुनाव चिन्ह मात्र प्रयोग गर्ने,
- उम्मेदवार वा दलले आफ्नो कार्यालय बाहेकका स्थानमा बजाउन र श्रव्यदृश्य सामग्रीहरू प्रदर्शन वा प्रसारण गर्न नहुने,
- आमसभा, कोणसभा वा घरदैलो कार्यक्रममा दशवटा सम्म झण्डा र चुनाव चिन्ह भएको एउटासम्म तुल वा फ्लेक्स राख्न सकिने छ ।
- प्रचारप्रसारका लागि घरदैलो कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थक सहित पच्चिस जनाभन्दा बढीको जुलुस एवं बाजा-गाजा तथा झाँकी सहित लिएर जान नहुने,
- अनलाइन वेबपेज, टिभी स्क्रोलिङ, सडक नाटक आदि माध्यमबाट दलको वा उम्मेदवारको बारेमा कुनै प्रचारप्रसार गर्न गराउन नहुने,
- बढीमा एउटा निजी र आधिकारिक वेबपेजमा त्यस्तो प्रचारप्रसार सामग्री राख्न सकिने,
- चुनाव चिन्हको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न वा गराउन नहुने,
- कुनै सवारीसाधन प्रयोग गरी याली आयोजना गर्न वा प्रचारप्रसार गर्न गराउन नहुने,
- चरित्र तथा प्रतिष्ठामा आँच आउन सक्ने प्रकारले कुनै किसिमका प्रचारप्रसार गर्न गराउन नहुने,
- कुनै पनि धर्मको नाममा प्रचारप्रसार गर्न गराउन नहुने,
- उम्मेदवार तथा निजको परिवारलाई कुनै तवरबाट डर, त्रास तथा धम्की दिन नहुने,
- सम्प्रदायीक विद्वेष फैलाउने गरी प्रचार प्रसार गर्न वा मत माग्न नहुने,
- निर्वाचन प्रचार-प्रसारको खर्च विवरण मतदान सम्पन्न भएको मितिले पन्ध्र दिनभित्र पेश गर्नुपर्ने,
- विजयी भएको उम्मेदवारले कुनै प्रकारको भोज भतेर गर्न वा नगद वा जिन्सी वितरण गर्न नहुने,

२. सवारीसाधन प्रयोग गर्दा पालना गर्नुपर्ने आचरणः

- बढीमा दुईवटा दुईपाङ्ग्रे वा तीनपाग्रे वा चारपाङ्ग्रे
- अनुमति प्राप्त गरेको सवारीसाधनको स्वरूप परिवर्तन गरी प्रयोग गर्न वा गराउन नहुने,

१०/२३

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन-२०८२
कपिलवस्तु ।

- अनुमति लिएको सवारी साधन अन्य दल वा उम्मेदवारलाई प्रयोग गर्न दिन वा अन्य उम्मेदवारले प्रयोग गर्न नहुने,
- निर्वाचन प्रचार-प्रसारको लागि विदेशी नम्बर प्लेटका सवारी साधनको प्रयोग गर्न पाईने छैन ।

३. सञ्चारमाध्यमको प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण:

- चौबिस घण्टामा बढीमा दुई पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने,
- चौबिस घण्टामा बढीमा चार मुद्रण पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने,
- प्रत्येक दिन बढीमा चार कोलम पच्चिस सेन्टिमिटर उचाई सम्मको आकारमा कुनै एउटा पत्रिकामा प्रचार सामग्री छपाउन सक्ने,

४. मतदान हुने दिनको अघिल्लो अठ्चालिस घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म पालना गर्नुपर्ने विशेष आचरण:

- सभा सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न नपाइने,
- मतदान हुने दिनको अठचालिस घण्टा अघि मतदान स्थलको तीन सय मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसारका सामग्री हटाउनु पर्ने,
- मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न नहुने,
- आर्टिफिसियल इन्टिलिजेन्स (ए.आइ.) को प्रयोग गरी वा नगरी सामाजिक संजाल मार्फत सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा गराउन वा प्रतिक्रिया दिन नहुने।

५. निर्वाचन खर्च तथा आर्थिक पक्षसंग सम्बन्धित आचारसंहिताको पालना

- राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा सार्वजनिक पद धारण गरेको व्यक्ति वा अन्य कुनै व्यक्तिले निर्वाचन प्रयोजनका लागि सार्वजनिक सम्पत्तिको प्रयोग गर्नु नहुने ।
- राजनीतिक दल, उम्मेदवार वा निर्वाचन प्रतिनिधिले निर्वाचन प्रचार-प्रसारका लागि प्रचलित निर्वाचन कानून वितरित हुने गरी सरकारी वा सार्वजनिक निकाय वा गैरसरकारी संस्थावाट वाट कुनै पनि प्रकारको आर्थिक सहयोग लिन नहुने ।
- राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार-प्रसारमा निर्वाचन आयोगले तोकेको हदभित्र रहि खर्च गर्नुपर्ने ।
- राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार-प्रसार अभियानमा निषेधित कार्यको लागि आर्थिक सहयोग लिन नहुने ।
- उम्मेदवारले निर्वाचन प्रचार-प्रसारको लागि कोणसभा वा आमसभा गर्दा मञ्चको तयारीको लागि गरेको खर्चको विवरण उपलब्ध गराउनुपर्ने ।

१०/२३

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

निर्वाचन आयोग, नेपाल

## निर्वाचन आचारसंहिता अनुगमन अधिकृत

प्रतिनिधि सभा सदस्य निर्वाचन-२०८२

कपिलवस्तु ।

- राजननीतिक दल तथा उम्मेदवारले प्रतिनिधि सदस्य निर्वाचन प्रचार प्रसार बैंक खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि-२०८२ बमोजिम निर्वाचन सम्बन्धि खर्च गर्दा बैंक तथा वित्तिय संस्थामा छुट्टै खाता खोलि सोहि खाताबाट खर्च गर्नुपर्ने।
- उम्मेदवारले निर्वाचन सम्बन्धि खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार प्रतिनिधि तोकि सोहिमार्फत खर्च गर्ने गराउने तथा त्यसरी तोकिएको प्रतिनिधिको विवरण समेत उपलब्ध गराउने ।

यसका अतिरिक्त नेपालको संविधान (२०७२), निर्वाचन आयोग ऐन,२०७३ निर्वाचन (कसुर तथा सजाय ऐन),२०७३ एवं निर्वाचन आयोगद्धारा समय समयमा जारी गरीएका निर्देशन तथा परिपत्रहरु तथा अन्य प्रचलित कानूनहरुको पुर्ण परिपालना गरी जिम्मेवारी नेपाली नागरिकको कर्तव्य पुरा गर्दै प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ भव्य र सभ्य रुपमा सम्पन्न गर्न सहयोग गर्नुहुनेछ भन्ने अपेक्षा गर्दछौं।

२०८२।१०।२३

खगेन्द्र प्रसाद अर्याल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
कपिलवस्तु।
सम्पर्क नं. ९८५७०५३४५४

२०८२।१०।२३

भविश्वर घिमिरे
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
कपिलवस्तु।
सम्पर्क नं. ९८५७०५४७७७

निर्वाचन आयोग, निर्वाचन आचारसंहिता अनुगमन अधिकृत प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२